**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**
**टंगाल, काठमाडौं**

मितिः २०८०/१०/१५ गते।

# प्रेस विज्ञप्ति

**श्री प्रधान सम्पादकज्यू / सम्पादकज्यू,**

**विषय :- आरोपपत्र दायर गरिएको ।**

---

जिल्ला मुगु, छायाँनाथ रारा नगरपालिका, वडा नं. ७ र ८ स्थित ताल्चा सल्लेरी सडक स्तरोन्नति कार्यमा अनियमितता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **छायाँनाथ रारा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मुगुका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत पिताम्बर सारु, इञ्जिनियर महेश सिंह कठायत, असिस्टेन्ट सव-इञ्जिनियर हस्त बहादुर मल्ल**ले मुगु जिल्लाको छायाँनाथ रारा नगरपालिका, वडा नं. ७ र ८ स्थित ताल्चा सल्लेरी सडक स्तरोन्नति कार्यमा मानिसबाट अर्डिनरी स्वायल, हार्ड स्वायल, सफ्ट रक, मिडियम रक र हार्ड रक कटिङ गुर्नपर्ने भनी लागत अनुमान स्वीकृत गरी अर्डिनरी स्वायलको मात्र मेशिनबाट खन्ने कार्य गराई हार्ड स्वायल, सफ्ट रक, मिडियम रक र हार्ड रक कटिङसमेत मानिसबाट गराएको भनी कामको बढी मूल्याङ्कन गराई नापी किताब, प्राविधिक विल र कार्यसम्पन्न प्रतिवेदन तयार गरी **रु.२८,६२,४५९।८४** बढी भुक्तानी गरेको देखिंदा निजहरु पिताम्बर सारु, महेश सिंह कठायत र हस्त बहादुर मल्लले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) अनुसार कसुर गरेकोले निजहरुलाई बिगो रु.२८,६२,४५९।८४ (अठ्ठाइस लाख बैसठ्ठी हजार चार सय उन्साठी रुपैयाँ पैसा चौरासी) कायम गरी ऐ.ऐ. ऐनको दफा ८ को उपदफा (१) अनुसार सजाय हुन एवं सोही ऐनको ऐ.ऐ. दफा बमोजिम बिगोसमेत असुल उपर हुन मागदाबी लिइएको छ।

यसैगरी **सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष उन बहादुर शाही, सचिव राधिका रावल र कोषाध्यक्ष बिजुली मल्ल**ले फिल्डमा अर्डिनरी स्वायलको मात्र मेशिनबाट खन्ने कार्य गराई हार्ड स्वायल, सफ्ट रक, मिडियम रक र हार्ड रक कटिङसमेत मानिसबाट गराएको भनी कामको बढी मूल्याङ्कन गराई सम्झौता विपरीत नापी किताब, प्राविधिक विल र कार्यसम्पन्न प्रतिवेदन तयार एवं भुक्तानीको लागि पेश गरी रु.२८,६२,४५९।८४ भुक्तानी लिएको देखिंदा निजहरु उन बहादुर शाही, राधिका रावल र बिजुली मल्ललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेकोमा विगो रु.२८,६२,४५९।८४ (अठ्ठाइस लाख बैसठ्ठी हजार चार सय उन्साठी रुपैयाँ पैसा चौरासी) कायम गरी ऐ.ऐ. ऐनको दफा ८ उपदफा (४) बमोजिम सजाय गरी बिगोसमेत जफत हुन मागदाबी लिइएको छ।

साथै, सडक निर्माण अनुगमन समितिका **सदस्य चक्र बहादुर सावत, सदस्य हजर कला कामी र सोही न.पा.का इञ्जिनियर महेश सिंह कठायत**ले द्विपक्षीय सम्झौता तथा प्राविधिक इष्टिमेटअनुसार कार्य सम्पन्न भएको भनी गलत अनुगमन प्रतिवेदन दिएको तथा सोही न.पा. वडा नं. ८ का **वडाध्यक्ष कर्ण रावल** र वडा नं. ७ का

**तत्कालीन सदस्य पशुपति शाही**ले लागत अनुमान तथा सम्झौताअनुसार कार्य सम्पन्न भएको भनी गलत सिफारिस दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको देखिँदा निजहरु **चक्र बहादुर सावत, हजर कला कामी, महेश सिंह कठायत, कर्ण रावल र पशुपति शाही**लाई सोही ऐनको सोही दफा तथा उपदफा बमोजिम सजाय तथा जरिवाना हुन मागदाबी लिई आज बिशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता

नरहरि घिमिरे